समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

पत्र संख्या: ०८१/८२

चलानी नं: १६२५

कोशी प्रदेश, नेपाल

मितिः २०८१/१०/२०

**विषयः करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरुमा **शिक्षण सहयोग अनुदानमा करारमा** शिक्षक नियुक्तिको लागि करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०८१/१०/१५ गतेको बैठकको निर्णयानुसार यो विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरुले **मिति २०८१/११/०४ गतेसम्म कार्यालय समयभित्र** फारम भरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं | विद्यालयको नाम | तह/विषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०५/०८१/८२ | शारदा माध्यमिक विद्यालय, इलाम – ३, पुवामझुवा | माध्यमिक तह गणित विषय | १ | शिक्षण सहयोग अनुदान |
| २. | | सप्तमाई गुरुकुल संस्कृत विद्याश्रम माध्यमिक विद्यालय, इलाम – ५, तोरीबारी | | १ | |

**१. आवश्यक न्यूनतम योग्यता:**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट **गणित** विषयमा स्नातक तह वा सो सरहको परीक्षा (कम्तीमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरेको।

ग. माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**२. आवश्यक कागजात तथा अन्य जानकारी**

क. नेपाली नागरिकता प्रमाणपत्र र आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि।

ख. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

ग. २ प्रति पासपोर्ट साइजको फोटो।

घ. आवेदन दस्तुर: रु. १०००

ङ. परीक्षाको किसिमः लिखित, अन्तर्वार्ता र प्रयोगात्मक।

च. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम।

छ. परीक्षा सम्बन्धी थप विवरण पछि प्रकाशन गरिनेछ।

ज. इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट तोकिएको शुल्क तिरेको रसिद र आवेदन फाराम लिई आवश्यक कागजातहरुमा आफैंले प्रमाणित गरी फाइलिङ गरेर शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ।

झ. दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ।

२०८१/१०/२०

राधिका घिमिरे

शाखा अधिकृत

राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

**सादर अवगतार्थ:**

श्री नगर प्रमुखज्यू, प्रमुखको सचिवालय, इलाम नगरपालिका, इलाम।

श्री उपप्रमुख ज्यू, उपप्रमुखको सचिवालय, इलाम नगरपालिका, इलाम।

**बोधार्थ/कार्यार्थ**

श्री सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम – संलग्न सूचना आ- आफ्नो कार्यालयमा टाँस गरिदिनु हुन।

श्री राजश्व शाखा, इलाम नगरपालिका, इलाम।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।